

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २५९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असोज १३ गते आइतबार ❑ 29 Sept. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## विपद् ८७ जनाको मृत्यु, ७२ बेपत्ता

**रासस**
काठमाडौं, १२ असोज

पछिल्लो तीन दिनसम्ममा परेको भारी वर्षाका कारण आएको बाढी, पहिरो र डुबानबाट शनिबार साँझसम्म मृत्यु हुनेको सङ्ख्या ८७ जना पुगेको छ।

सशस्त्र प्रहरी बल नेपालका केन्द्रीय प्रवक्ता, सशस्त्र प्रहरी नायब महानिरीक्षक कुमार न्यौपानेले ८७ जनाको मृत्यु पुष्टि गर्दै अरु ७२ जना बेपत्ता रहेको रासससलाई जानकारी दिनुभयो । अरु ३६ जना घाइते भएका छन्।

काठमाडौँ उपत्यकामा ३४ जनाको मृत्यु भएको छ । ललितपुरमा १८, काठमाडौँमा ११ र भक्तपुरमा पाँच जनाको मृत्यु भएको छ । काठमाडौँ उपत्यका प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक विनोद घिमिरेका अनुसार विपद्का घटनामा परी १७ जना बेपत्ता भएका छन् भने १७ जना घाइते भएका छन्। बाढीपहिरा तथा डुबानमा परेका एक हजार तीन सय १५ जनाको उद्धार गरिएको उहाँले बताउनुभयो । बाढीपहिरोबाट काठमाडौँमा चार घर भत्केका छन् भने भक्तपुरमा एउटा घरमा क्षति पुगेको छ। काठमाडौँमा एक हजार तीन सय २४, ललितपुरमा पाँच सय र भक्तपुरमा चार सय १७ गरी उपत्यकामा दुई हजार दुई सय ४१ घर डुबानमा परेका छन्। विपद्का घटनाको उद्धार र राहत कार्यमा काठमाडौँमा तीन हजार ६०, ललितपुरमा एक हजार एक सय र भक्तपुरमा तीन सय ५० प्रहरी खटिइएको प्रहरी वरिष्ठ उपरीक्षक घिमिरेले जानकारी दिनुभयो । यस्तै कोशी प्रदेशमा १० र बागमती प्रदेशमा २९ जनाको मृत्यु भएको हो। बेपत्ता हुनेमा कोशीमा नौ, मधेश प्रदेशमा एक , काठमाडौँ उपत्यकामा २१, बागमतीमा ३९ र लुम्बिनी प्रदेशमा २ जना बेपत्ता छन् । उपत्यकापछि सबैभन्दा बढी काभ्रेमा १४ जनाको मृत्यु भएको छ । त्यसपछि मकवानपुरमा सात, पाँचथरमा पाँच, सिन्धुपाल्चोकमा चार, दोलखामा तीन जनासहित विभिन्न जिल्लामा गरेर कूल ८७ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । काठमाडौँ र धादिङको सिमानामा पर्ने धादिङको धुनिबेसी नगरपालिका-९ झ्याप्लेखोलामा पहिरोमा पुरिएका सवारीसाधनबाट १४ जनाको शव निकालिएको छ।

प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेका अनुसार बुटवलबाट काठमाडौँतर्फ आउँदै गरेको लु१ज ४५७८ नम्बरको माइक्रोबसबाट तथा नम्बर नखुलेको बसबाट ती शवहरू निकालिएका हुन्। "कुन सवारीसाधनबाट कति जनाको शव निकालेको भन्ने यकिन जानकारी हुन सकेको छैन", उहाँले भन्नुभयो, "पहिरोबाट तीनवटा सवारीसाधन पुरिएका छन्।"

पहिरोमा फसेका यात्रु र सवार ीसाधनको उद्धार कार्य जारी रहेको प्रजिअ पाण्डेले रासससलाई जानकारी दिनुभयो । यस्तै उपत्यकापछि सबैभन्दा बढी काभ्रेमै २६ जना बेपत्ता छन् । यस्तै पाँचथरमा पाँच, झापामा चार, सिन्धुपाल्चोकमा पाँचसहित अन्य जिल्लामा गरेर ७२ जना बेपत्ता भएका छन्।

काठमाडौँ उपत्यकामा शनिबार वर्षकै सर्वाधिक वर्षा भएको छ। यहाँ शनिबार बिहान वर्षा मापन सुरु भएयताकै बढी वर्षा भएको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

महाशाखाका मौसमविद् रोजन लामिछानेले शनिबारबिहान ८:४५ बजे त्रिभुवन विमानस्थल वर्षा मापन केन्द्रमा पछिल्लो २४ घण्टामा २३९.७ मिलिमिटर वर्षा मापन भएको जानकारी दिनुभयो । यो मापन सुरु भएयताकै सर्वाधिक वर्षा भएको उहाँले बताउनुभयो । यसअघि सन् २००२ मा यहाँ १७७ मिलिमिटर वर्षा रेकर्ड भएको थियो । मौसमविद् लामिछानेले काठमाडौँ उपत्यकामा यति ठूलो वर्षा अहिलेसम्म मापन नभएको प्रारम्भिक अध्ययनले देखाएको र विस्तृत अध्ययन गरी केही दिनमा विस्तृत अवस्था प्रतिवेदन सार्वजनिक गरिने पनि जानकारी दिनुभयो।

उपत्यकाका अन्य नौ मापन केन्द्रमा पनि धेरै वर्षा मापन भएको छ । ललितपुरको चापागाउँमा सन् २००२ मा २४ घण्टामा २००.५ मिलिमिटर वर्षा भएकामा शनिबार ३२३ मिलिमिटर वर्षा भएको विभागले जनाएको छ। जिरीमा ११२.४, जनकपुरमा १००, लुम्लेमा ११३.३, धरानमा १७७.६, धनकुटामा १७३, ओखलढुङ्गामा ११०.१ काठमाडौँमा १९४, सिमरा १२० र भैरहवामा १९४.२ मिलिमिटर वर्षा भएको छ।

## पोखरा पर्वतीय दौडको उपाधि एपिएफका भट्टलाई

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असोज



पोखरामा आयोजित पर्वतीय दौड प्रतियोगिताको उपाधि सशस्त्र प्रहरी बलको एपिएफ क्लबका निरोज भट्ट क्षत्रीले जितेका छन्।

पोखरा २२ (पुम्दीभुम्दी) को खेल पर्यटन प्रबर्द्धन गर्ने उद्देश्यले आयोजना भएको उक्त प्रतियोगितामा क्षत्रीले निर्धारित ८ किलोमिटरको दुरी ३८ मिनेट २३ सेकेण्डमा पार गर्दै उपाधि जितेका हुन् । पोखरा क्लिक प्रालिले आयोजना गरेको प्रतियोगितामा सल्यानको कुमाख गाउँपालिकाका रुद्र बुढाथोकी निर्धारित दुरी ४१ मिनेट २२ सेकेण्डमा पूरा गरी दोस्रो भए । पोखरा-१७ का प्रकाश थिँक ४२ मिनेट ४२ सेकेण्डम पूरा गरी तेस्रो भए । विजेतालाई २५ हजार, उपविजेतालाई १५ हजार र तेश्रो हुनेलाई ७ हजार साथमा ट्रफी र प्रमाणपत्र वितरण गरिएको थियो।

विश्व शान्ति स्तुपदेखि सुरु पर्वतीय दौड, पुम्दीकोट विशाल महादेवको मूर्ति, पोखरा २२ को वडा कार्यालय हुँदै बुद्ध पार्कमा पुगेर टुंगिएको थियो । महिलातर्फ काभ्रे चौताराकी नितु तामाङले उपाधि जितिन् । उनले निर्धारित दूरी ५५ मिनेट २१ सेकेण्डमा पार गरेकी हुन्। यु १६ प्रतिष्पर्धामा पोखरा-२२ का सागर देवकोटा प्रथम भए। पोखरा-२२ स्तरीय दौडमा सुजिल परियार प्रथम भए। उनले ५३ मिनेट ६ सेकेण्डमा दौड पूरा गरेका हुन् । विजेतालाई जनही ७ हजारको साथमा ट्रफी र प्रमाणपत्र वितरण गरिएको थियो । उनीहरुलाई गण्डकी प्रदेश सरकारका पूर्व अर्थमन्त्री रामजीप्रसाद बराल जीवन, पोखरा-२२ का वडाध्यक्ष हिमलाल बराल, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका अधिकृत कुन्दन मिश्र, पोखरा पर्यटन परिषद् अध्यक्ष तारानाथ पहारी, विश्व शान्ति स्तुप समिति अध्यक्ष एवं पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष उत्तममान बुद्धाचार्य, शान्ति स्तुप समितिका सदस्य दुर्गाबहादुर गुरुङ, बुद्ध पार्क समिति अध्यक्ष राज गुरुङ (लाल), शुक्रराज माविका प्रचार्य नरनाथ बराल, कालावाङ होमस्टेका अध्यक्ष यामबहादुर गुरुङ, प्रतियोगिता संयोजक दीननाथ बराल लगायतले पुरस्कार वितरण गरे । शान्ति स्तुप यसअघि प्रतियोगिताको उद्घाटन राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङले गरेका थिए । प्रतियोगिता सफल पार्न सिंगो पुम्दीभुम्दीवासीले टोल तथा चोकचोकमा फूलमाला तथा गुच्छा एवं पानीले स्वागत गरेका थिए।

सो अवसरमा पर्यटन, उद्यम र समाजसेवा क्षेत्रबाट विशेष योगदान गर्ने समाजसेवी तथा उद्यमी चन्द्रकान्त बराल र मलेसियाको माउन्ट किनाबालु हाफ म्याराथनमा ह्याट्रिक गर्न सफल अन्तर्राष्ट्रिय धावक कुसान गुरुङलाई विशेष सम्मान गरियो। दौडमार्फत पुम्दीभुम्दीको थप प्रवर्द्धन गर्ने खेलकुदमार्फत समग्र पोखराको आन्तरिक एवं बाह्य पर्यटन प्रवर्द्धनका लागि प्रतियोगिता गरिएको कार्यक्रम संयोजक दीननाथ बराललले बताए । आफ्नो गाउँठाउँको खेल पर्यटन प्रबर्द्धन उक्त कार्यक्रम कोषेढुंगा सावित हुने उनले जनाए। पूर्व अर्थ मन्त्री बराललले पोखरा २२, पर्यटन र खेलकुदको अथाह सम्भावना भएकोले यस्ता खेलकुदका गतिविधिले खेल पर्यटन प्रबर्द्धन हुने विश्वास व्यक्त गरे । पोखरा २२ का अध्यक्ष बराललले उक्त कार्यक्रम आगामी दिनमा परिस्कृत पार्न सहयोग गर्ने बताए । प्रतियोगितालाई सफल पार्न सहयोग गर्ने विभिन्न संघसंस्थाहरुलाई प्रतियोगिताका


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## 'एक्याप'को 'अनलाइन' तस्बिर प्रतियोगितामा श्रेष्ठ प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असोज



विश्व पर्यटन दिवस-२०२४ का अवसरमा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना 'एक्याप'ले आयोजना गरेको 'अनलाइन' तस्बिर प्रतियोगितामा सिराहाका सुशीलकुमार श्रेष्ठ प्रथम हुनुभएको छ । उहाँले खिचेको अन्नपूर्ण आधार शिविरको बिहानीपखको तस्बिरले प्रथम पुरस्कार पाउन सफल भएको हो।

कास्कीको अन्नपूर्ण गाउँपालिका-७ का भगवान पौडेलले मदी हिमाल क्षेत्रमा खिचेको डाँफेको तस्बिरले प्रतियोगितामा दोस्रो स्थान प्राप्त गरेको 'एक्याप'का प्रमुख डा रविन कडरियाले जानकारी दिनुभयो । काठमाडौँ महानगरपालिका-२७ का सूर्य थपलियाको नीलगिरि हिमालको काखमा क्रिकेट खेलिरहेका बौद्धमार्गीहरूको तस्बिरले तेस्रो स्थान प्राप्त गरेको उहाँले बताउनुभयो। विश्व पर्यटन दिवसका 'एक्याप'द्वारा शुक्रबार आयोजित कार्यक्रममा आयोजना प्रमुख डा कडरियाले अनलाइन तस्बिर प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु २० हजार, १५ हजार र १० हजारसहित प्रमाणपत्र प्रदान गर्नुभएको थियो। अनलाइनमार्फत प्राप्त भएका २०७ तस्बिरमध्ये श्रेष्ठ, पौडेल र थपलियाले पुरस्कार हात पार्न सफल हुनुभएको हो। अन्नपूर्ण संरक्षण क्षेत्रमा खिचिएका तस्बिरलाई प्रतियोगितामा समावेश गराइएको थियो। अन्नपूर्ण क्षेत्रका पर्यटन प्रवर्द्धन हेतु तस्बिर प्रतियोगिताको आयोजना गरिएको प्रमुख डा कडरियाले बताउनुभयो । विश्व पर्यटन दिवसका अवसर पारेर अन्नपूर्ण संरक्षण क्षेत्रको भ्रमणका लागि चाहिने प्रवेशाज्ञा (परमिट) का लागि चाहिने प्रवेश शुल्क अनलाइनबाटै तिर्न मिल्ने व्यवस्था मिलाइएको उहाँले बताउनुभयो । उक्त सेवाको शुभारम्भ गर्दै उहाँले सेवाग्राहीले भिषा र मास्टरकार्डमार्फत प्रवेश शुल्क तिरेर अनलाइनबाटै प्रवेशाज्ञा लिनसक्ने बताउनुभयो।

"प्रवेशाज्ञाका लागि शुल्क सङ्कलनकक्षमा हुने सेवाग्राहीको भीडलाई मध्यनजर गरेर प्रविधिमैत्री सेवा सुरु गरिएको हो, अनलाइन सेवा चौबिस घण्टा नै सुचारु रहनेछ", उहाँले भन्नुभयो, "अब प्रवेशाज्ञाका लागि सेवाग्राहीले पालो पर्खनुपर्ने बाध्यता हटेको छ।" यसअघि 'एक्याप'ले काठमाडौँको भृकुटीमण्डम, पोखराको ड्यामसाइड, लमजुङको सिमपानी र मुस्ताङको घाँसामा रहेको काउन्टरमबाट प्रवेश शुल्क लिई पर्यटकलाई प्रवेशाज्ञा दिने गरेको थियो। अब पर्यटकले जुनसुकै ठाउँबाट सहजै अनलाइनमार्फत प्रवेशाज्ञा लिनसक्ने 'एक्याप'ले जनाएको छ । दिवसका अवसरमा अन्नपूर्ण क्षेत्रमा पर्ने लमजुङको सिमपानी, मनाङको धारापानी, उपल्लो मनाङ, कास्कीको पोथना, वीरेठाँटी, म्याग्दीको शिख, मुस्ताङको घाँसा, जोमसोम, मुक्तिनाथ, कागबेनी र लोमान्थाङमा अवस्थित चेकपोष्ट तथा कार्यालयहरूमा पर्यटकलाई खादा, माला र टोपीसहित स्वागत गरिएको थियो।

पदयात्रा पर्यटनका लागि विश्वप्रख्यात अन्नपूर्ण संरक्षण सात हजार छ सय वर्ग किलोमिटरमा फैलिएको छ । कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १६ स्थानीय तहका ८९ वडा यसमा समेटिएका छन्। अन्नपूर्ण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सम्भयता, संस्कृति आदि कारणले देशविदेशका पर्यटकको रोजाइमा पर्ने गरेको छ । बर्सेनि असोज-कात्तिक र चैत-वैशाखको याममा उक्त क्षेत्रको पदयात्रा गर्ने पर्यटकको घुइँचो नै लाग्ने गर्छ। अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ, म्याग्दीको घोडेपानीलगायत अन्नपूर्ण क्षेत्रमा पर्ने पर्यटकीय गन्तव्यस्थल हुन्।

कास्कीको खुमै डाँडा, कोरी, सिक्लेस, धम्पुस, ताङतिङ, ल्वाङलगायत गाउँ पनि पदयात्राका लागि चिनिएका गन्तव्यस्थल हुन् । कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायत जनसुकै मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दूरीको पदयात्रा तय गर्न सकिन्छ।

अन्नपूर्ण क्षेत्रमा गत आवमा दुई लाख २२ हजार एक सय ८० विदेशी पर्यटक भित्रिएका थिए । जसमध्ये एसियाली मुलुकका एक लाख १७ हजार ८४५ र अन्य मुलुकका एक लाख चार हजार २५६ पर्यटक थिए। चार वर्षअघि चर्चित अन्तर्राष्ट्रिय ट्राभल साइट लोन्ली प्लानेटले अन्नपूर्ण चक्रीय पदमार्गलाई विश्वका घुम्नै पर्ने १० गन्तव्य सूचीमा राखेको थियो। अमेरिकी समाचार संस्था 'सिएनएन'ले सन् २०२३ मा विश्वका घुम्नैपर्ने २३ गन्तव्यको सूचीमा परेको मुस्ताङ उपत्यका पनि अन्नपूर्ण संरक्षण क्षेत्रमै पर्छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# जनप्रिय क्याम्पसको विश्व शान्ति स्तूप पदयात्रा र सरसफाइ

पोखरापत्र संवाददाता
पोखरा, १२ असोज

विश्व पर्यटन दिवस २०२४ को अवसरमा जनप्रिय बहुमुखी क्याम्पसको स्वायत्त कार्यक्रम एमविए इन हस्पिटालिटी म्यानेजमेन्ट तथा पर्वतीय पर्यटन व्यवस्थापनका विद्यार्थीहरूले विश्व शान्ति स्तूप पदयात्रा र सरसफाइ कार्यक्रम सम्पन्न गरेका छन् ।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष वीरेन्द्रनारायण विजुक्छे र निमित्त क्याम्पस प्रमुख रमेशबहादुर खड्काले पदयात्रीलाई अविरल वर्षामा पदयात्रा गरे पनि सफलताको शुभकामना दिएका थिए । विश्व शान्ति स्तूप पदयात्रा र सरसफाइ कार्यक्रम क्याम्पस परिसरबाट सुरु भएको थियो । शिक्षक, विद्यार्थी र नेपाल दिगो पर्यटन क्लव (एनएसटिसी) का सदस्यहरूको सक्रिय सहभागिता रहेको थियो । कार्यक्रमको



मुख्य उद्देश्य केवल पदयात्रा र मनोरञ्जन मात्र नभई, पर्यावरण संरक्षण र दिगो पर्यटनको प्रवर्धन गर्नु थियो । पोखराको विश्व प्रसिद्ध शान्ति स्तूपसम्म पुगेर बाटोका फोहोर सङ्कलन गरेर स्वच्छता कायम गर्ने कामलाई प्राथमिकता दिइयो । सरसफाइ कार्यक्रमले वातावरणप्रतिको जनचेतना बढाउन सफल भएको र यसबाट स्थानीय तथा पर्यटकहरूले सकारात्मक प्रभाव ग्रहण गरेका छन् । पर्यटनको दीर्घकालीन विकासमा योगदान पुऱ्याउने सन्देश प्रवाह गर्न पदयात्रा र सरसफाइको काम गरिएको कार्यक्रम संयोजक दिव्यालक्ष्मी चालिसेले जानकारी दिइन । कार्यक्रमले सहभागीहरूलाई वातावरणीय दायित्व र दिगो पर्यटनको महत्वबारे सचेत बनाउने अवसर प्रदान गरेको थियो । 'स्वच्छ पर्यावरणका लागि पर्यटन', 'दिगो विकासमा हाम्रो कदम' जस्ता नाराहरूको गुञ्जायमानबिच सयभन्दा बढी सहभागीहरूले पदयात्राका क्रममा फोहोर सङ्कलन गरिरहेका थिए । पदयात्रा र सरसफाइ कार्यक्रमका सहभागीलाई सातोरी एड्भेन्चर प्रा.लि.ले टिसर्ट र टोपी प्रदान गरेको थियो । शान्ति स्तूप पदयात्रा र बाटो सरसफाइ कार्यक्रमले दिगो पर्यटन र वातावरणीय संरक्षणको महत्वलाई उजागर गरेको छ । पोखराको पर्यटन क्षेत्रमा पर्यटन मात्र नभई सरसफाइ जस्ता स्थानीय गतिविधिहरूको आवश्यकता पनि उत्तिकै महत्वपूर्ण रहेको तथ्यलाई यो कार्यक्रमले प्रमाणित गरेको छ । सरसफाइ अभियानले वातावरणमा स्वच्छता कायम गर्नुको साथसाथै समुदायलाई पनि एकत्रित गर्ने भूमिका खेलेको छ ।

# पोखरामा प्रदेश स्तरीय योग ध्यान स्वजागरण कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, १२ असोज

पोखरामा प्रदेश स्तरीय एक दिने योग ध्यान कार्यक्रम गरिएको छ ।

गण्डकी प्रदेश सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको आयोजना तथा जीवन विज्ञान प्रतिष्ठानको सहकार्यमा पोखरा इभेन्ट सेन्टरमा शनिबार एक दिने योग ध्यान कार्यक्रम 'गण्डकी स्वजागरण' गरिएको हो । कार्यक्रममा गुरु एलपी भानु शर्माले जुममार्फत जीवन विज्ञानका बारेमा जानकारी गराएका थिए । जीवन विज्ञान ७० भन्दा बढी देशमा फैलिएको शर्माले बताए । सुसंस्कृत र सभ्य गण्डकी प्रदेश बनाउन सबैभन्दा पहिले आफु भित्रको मलाई चिन्नुपर्ने आवश्यकता रहेको उनको भनाइ थियो । कार्यक्रममा सामाजिक विकास मन्त्री विन्दुकुमार थापाले योगले सबैमा प्रेम भाव जगाई मानवियताको विकास गर्दै सकारात्मक भावना ल्याउन र तनाव कम गर्न महत्वपूर्ण भूमिका खेल्ने बताए । योग ध्यान र जीवन विज्ञानको



महत्व जनजनलाई बुझाउन सकिन्छ भन्ने उद्देश्यले प्रदेश सरकारले चालु आवदेखि स्थानीय तहसँगको साझेदारीमा सबै स्थानीय तहमा योगध्यानका कार्यक्रम सञ्चालन गर्ने गरी बजेट व्यवस्था गरेको मन्त्री थापाले जानकारी दिए । मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गण्डकीलाई सकारात्मक दिशामा लैजान योगको कार्यक्रमलाई निरन्तरता दिने बताए । समाजलाई नकारात्मकताको बाटो भन्दा पनि सकारात्मकता बाटोमा लैजानुपर्ने आवश्यक्ता रहेको पाण्डेले औंल्याए । प्रदेशको नीति तथा कार्यक्रममा नै उल्लेख गरिएको विषय भएकाले ८५ वटै पालिकालाई योग ध्यानको कार्यक्रम प्रभावकारी रुपमा अगाडी बढाउन निर्देशनसमेत दिए । कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, पूर्वमुख्यमन्त्री खगराज अधिकारी, सभामुख, उपसभामुख, मन्त्री, सांसदसहित ८५ वटै पालिकाका जनप्रतिनिधि, सुरक्षाकर्मी, कर्मचारी, शिक्षक लगायत ५ सय भन्दा बढी सहभागी भएका थिए । कार्यक्रमलाई सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका निमित्त सचिव तोयानाथ लम्सालले स्वागत गरेका थिए भने मन्त्री विन्दुकुमार थापाको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# नेपाल भूतपूर्व खेलाडी मञ्चको अध्यक्षमा गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, १२ असोज

नेपाली अग्रज खेलाडीहरुको छाता संस्था नेपाल भूतपूर्व खेलाडी मञ्चको अध्यक्षमा दिल बहादुर गुरुङ र महासचिबमा केशव पाठक सर्वसम्मत निर्वाचित भएका छन् ।

मञ्चको शनिबार पोखरामा सम्पन्न १३ औं वार्षिक साधारण सभा तथा आठौं अधिवेशनले उनीहरुसहित आगामी तीन वर्षका लागि २५ सदस्यीय कार्यसमिति निर्विरोध निर्वाचित गरेको हो । मञ्चको प्रथम उपाध्यक्षमा खेम बहादुर गुरुङ, द्वितिय उपाध्यक्षमा कृष्ण तिमिल्सना, महासचिवमा केशव पाठक, सचिबमा महेश पौडेल, कोषाध्यक्षमा हरि बहादुर बरुवाल र सह-कोषाध्यक्षमा रमेश कुमार श्रेष्ठ सर्वसम्मत निर्वाचित भए । त्यसै गरी कार्यसमिति सदस्यमा दिनेश कुमार श्रेष्ठ, बुद्ध गुभाजु, विश्व तण्डुकार, ओम बहादुर गुरुङ, भरत कुमार आले, याम बहादुर गुरुङ, इन्द्रा मल्ल, राम बहादुर क्षेत्री, शान्ती थापा बैद्य, अनिल सिं, पुरन कुंवर, श्रीकृष्ण अधिकारी, शम्भु केसी, बाला कुमारी गुरुङ, श्याम बहादुर श्रेष्ठ, अमृत बराल र रुपक गुरुङ रहेका छन् ।

यस अघि साधारण सभा तथा अधिवेशनको उद्घाटन गर्दै जिल्ला सम्न्वय समितिका प्रमुख लिलाधर पौडेलले नेपाली खेलकुदको विकासमा तीन तहकै सरकारको आवश्यक साझेदारी रहने कुरा औंल्याए । खेलकुद क्षेत्रलाई पर्यटन प्रवर्द्धन संगै यूवा खेलाडी उत्पादन गरी राष्ट्रिय गौरव बढाउने विषयमा समेत सबैको ध्यान जानुपर्ने कुरा औंल्याए । प्रदेश खेलकुद परिषदका सदस्य सचिब श्रीधर शर्माले नेपाली खेलकुदमा गौरवपूर्ण यात्रा तय गरेका पूर्व खेलाडीहरु प्रदेशको खेलकुद विकासमा सम्पतीको रुपमा ग्रहण गर्नुपर्ने जनाउँदै परिषदले उनीहरु संग रहेको विज्ञतालाई आत्मसाथ गर्दै अघि बढ्ने उनले बताए । परिषदले



प्रदेश खेलकुद विकासमा योगदान दिनेहरुका लागि अब प्रदेश पदकबाट सम्मानित गरेको जनाउँदै समाजलाई अनुशासन तर्फ अघि बढाउनेमा समेत सबैको भूमिका आवश्यक रहेको औंल्याए । सो अवसरमा बोल्दै पर्यटन विद गणेश बहादुर भट्टराईले गण्डकी प्रदेश खेलकुद पर्यटनका लागि सम्भावना भएको प्रदेश रहेको बताउँदै यति बेला विश्वमा शान्तीको खाँचो रहेकोले पनि विश्वमा शान्तीको अभियानका लागि खेलकुदमार्फत त्यस प्रकारका कार्यक्रमहरुको थालनी गर्नुपर्ने कुरामा जोड दिए ।

कार्यक्रम रोटरी क्लव ३२९२ का गर्भनर इलेक्ट बिनोद कोइरालाले सामाजिक विकासको अभियानमा खेलकुद महत्वपूर्ण रहेको उल्लेख गर्दै पोखरा अन्तर्राष्ट्रिय म्याराथनले सो विषयलाई मुख्य रुपमा उठाएकोले पनि रोटरीले सहकार्य गर्दै अघि बढेको जनाए । ब्रिटिश कलेज पोखराका शाखा प्रमुख विमल कोइरालाले शिक्षा र खेलकुद एक अर्काको प्रयाय भएकोले आफ्नो कलेजले पोखरा अन्तर्राष्ट्रिय म्याराथन संगको सहकार्यमा अघि बढेको उल्लेख गरे । १३ औं वार्षिक साधारण सभा तथा आठौं अधिवेशनका अवसरमा मञ्चले तीनजना सम्मान गरेको छ । सो अवसरमा मञ्चका पूर्व अध्यक्ष तेज बहादुर गुरुङ, खेलकुद पत्रकार बिनोद लामिछाने र यूवा एथ्लेटिक्स खेलाडी बादल कार्की सम्मानित भएका छन् । सम्मानित हुने पूर्व अध्यक्ष गुरुङ संस्थाको संस्थापक हुन भने पोखरा म्याराथनलाई अन्तर ष्ट्रियस्तर सम्म पुऱ्याउन तथा पोखरा रंगशाला निर्माणमा समेत भूमिका खेलेका थिए । त्यसै गरी सम्मानित हुने लामिछाने पोखराको खेलकुद पत्रकारितामा लामो समयको योगदान दिएका छन् । एथ्लेटिक्स खेलाडी बादल कार्की यूवा अवस्थाबाटै पोखरा म्याराथनमा सहभागिता जनाउँदै विभिन्न राष्ट्रिय तथा अन्तर ष्ट्रिय प्रतियोगितामा सहभागिता जनाएका छन् । सोही अवसरमा मञ्चका ८० वर्ष उमेर पुगेका आजिवन सदस्यहरुलाई सम्मान गरिएको थियो । कार्यक्रममा बोल्दै पूर्व अध्यक्ष तेज गुरुङले खेलकुदमा चुनौती संगै अवसर रहेकोले यूवाहरुलाई उत्साहित बनाउँदै अघि बढ्नुपर्ने कुरामा जोड दिए । उनले पोखरा महानगर पालिकाले सुरु गरेको स्वस्थ पोखरा अभियानमा मञ्चले आफ्ना कार्यक्रमलाई सोही अनुरुप अघि बढाउन आग्रह समेत गरे । नेपाल भूतपूर्व खेलाडी मञ्चका अध्यक्ष हरिप्रसाद पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा अध्यक्ष पराजुलीले आफ्नो कार्यकालमा सहयोग गर्नेहरु प्रति आभार व्यक्त गर्दै आगामी दिनमा समेत संस्थाको कार्यलाई जिवन्त बनाई राख्न आफ्नो भूमिका रहि रहने प्रतिवद्धता जनाए । सो अवसरमा मञ्चका महासचिव कृष्ण तिमिल्सिनाद्वारा प्रस्तुत कार्य योजनासहितको वार्षिक प्रतिवेदन र कोषाध्यक्ष महेश पौडेलको आर्थिक प्रतिवेदनलाई पारित गरेको छ । यसै गरी मञ्चको नेतृत्वमा सम्पन्न भएको पोखरा रंगशालास्थित पर्खाल जिर्ण हुँदै गएकोले सो को संरक्षणका लागि विशेष कार्यक्रम अघि सार्ने जनाएको छ भने मासिक दौड कार्यक्रम तथा संस्थाको रजत वर्षको अवसरमा विभिन्न कार्यक्रम आयोजना गर्ने समेत जनाएको छ । मञ्चका कोषाध्यक्ष पौडेलले १९ औं संस्करणको पोखरा अन्तर्राष्ट्रिय म्याराथनका लागि करिव ८३ लाख ६७ हजार खर्च हुने जनाएका छन् । आगामी फागुन ३ गते पोखरामा हुने पोखरा अन्तर्राष्ट्रिय म्याराथनमा पुरस्कार राशीमा वृद्धि गरिएको र खेलाडी दर्ता अभियान समेत सुरु गरिएको मञ्चले जनाएको छ ।

# र्‍यान्डमले गर्‍यो सुधीरका दुई कृतिमाथि विमर्श

पोखरापत्र संवाददाता
पोखरा, १२ असोज


र्‍यान्डम रिडर्स सोसाइटीले शनिवार पोखरामा लेखक सुधीर शर्माका दुई कृतिमाथि विमर्श गरेको छ । शर्माका हालै प्रकाशित 'हिमालपारिको हुरी' र 'भिक्षु, व्यापार र विद्रोह' नामक कृतिमाथि विमर्श गरिएको हो ।

सोसाइटीका अध्यक्ष रुपिन्द्र प्रभावीको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले चीन र नेपालका बिचमा कूटनीतिक सम्बन्ध सुमधुर भएमा दुवै पक्षले फाइदा लिन सक्ने धारणा राखे । कृतिले नेपाललाई चीन र चीनलाई नेपाल चाहिनुका कारणबारे पुस्तकमा शर्माले चर्चा गरेका बताउँदै मुल्मीले सन्तुलित कूटनीतिलाई बढावा दिनुपर्नेमा कृतिले जोड दिएको बताए । नेपाल अर्को सिक्किम नहोस् भन्नेमा कुरामा चिनियाँहरूको चासो रहेको उनले बताए । भारत र चीनलाई जोड्ने कडीका रूपमा नेपालले भूमिका खेल्नुपर्ने धारणा किताबमा आएको मुल्मीले चर्चा गरे । साहित्यकार सरस्वती प्रतीक्षाले विशाल अर्थतन्त्र भएका चीन र भारतका बिचमा रहेर नेपालले कसरी आर्थिक फड्को मार्न सक्छ भन्ने सन्दर्भमा सुधीर शर्माले कृतिमा चर्चा गरेका बताइन् । मध्यस्थ व्यापारको केन्द्रमा रहेर दुवै छिमेकी देशलाई जोड्ने रेलसेवा सञ्चालन गर्ने हो भने नेपालले आर्थिक विकास गर्न सक्ने विचार कृतिमा आएको उनको भनाइ थियो । नेपाल-चीन-तिब्बतको सम्बन्धमा इतिहासदेखि वर्तमानसम्मका पाटाहरूलाई केलाएर दुई गम्भीर किताब शर्माले लेखेको उनले बताइन् । इतिहास लेखनको शास्त्रीय सिद्धान्तलाई अतिक्रमण गरेर आफूलाई साहित्यको नजिक उभ्याएर लेखिएका हुनाले दुवै कृतिहरू आम पाठकका लागि पठनीय रहेको प्रतीक्षाको ठम्याइ थियो । पत्रकार तथा लेखक शर्माले आफूले कृतिमा आफ्नो 'भ्युज' नभई अध्ययन र अनुसन्धानको निष्कर्ष प्रस्तुत गरेको बताए । यसअघि 'प्रयोगशाला' लेखेका उनले सो कृतिमा दक्षिणतिर हेर्न खोजेको र यी दुई कृतिमा चाहिँ उत्तरतिर हेर्न खोजेको जानकारी दिए । लेखन सुरु गर्दा दुइटा किताब लेख्ने विचार नभए पनि लेख्दै जाँदा दुई कृति लेख्नुपर्ने विषयवस्तु आएकाले दुई कृतिका रूपमा प्रकाशन गरिएको उनले बताए । चीनलाई आम नेपाली र अनुसन्धाताका रूपमा बुझ्न खोजेको र बुझेको कुरा प्रस्तुत गरेको उनको भनाइ थियो । कतिपय विषयलाई आगामी अनुसन्धाताका लागि बाटो खोल्ने गरी छोइएको बताउँदै उनले खोज गर्नुपर्ने इतिहासदेखिका थुप्रै विषयवस्तु रहेका अनुभव सुनाए । शर्मासँग सोसाइटीका निवर्तमान अध्यक्ष केशवशरण लामिछानेले संवादसमेत गरेका थिए । पुस्तक छनोट समितिका संयोजकसमेत रहेका लामिछानेले पोखरावरपरका पाठकका लागि रुचिकर विषय भएकाले पनि कृति छनोट गरिएको जानकारी दिए । 'पढौँ र ज्ञान बाँडौँ' भन्ने मान्यतासहित क्रियाशील सोसाइटीले हरेक महिनाको अन्तिम शनिवार कुनै कृति वा विषयवस्तुमाथि परिचर्चा गर्दै आएको छ भने समय सन्दर्भअनुसार विशेष कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

# पोखरा ...

टेक्निकल डाइरेक्टर ओम लामाले धन्यवाद दिए । अनलाइन फारम भर्ने ३ देशका १ सय ४ जना मध्य शनिबारको पर्वतीय दौडमा भने ७९ जनाले मात्र सहभागि जनाएको प्रालिका व्यबस्थापक सागर सुनारले जनाए । दौडमा नर्वेका २ महिला सहित ७९ जना, प्रतियोगितामा ९ बर्ष देखि ५५ बर्ष उमेर समूहका धावकहरु सहभागी भएको पोखरा क्लिक डटकमका वरिष्ठ संवाददाता असफल गौतमले बताए । प्रतियोगितामा ज्येष्ठ धावक ५५ वर्षका शिवराज बस्ताकोटी शिवदाइलाई मेडल प्रदान गरियो । कार्यक्रम संचालन संचारकर्मी दीपेन्द्र पहारीले गरे ।

नेपाल पर्यटन बोर्ड र पोखरा महानगरपालिकाले प्रवर्द्धन रहेको कार्यक्रममा पोखरा २२ वडा कार्यालय, पोखरा पर्यटन परिषद्, प्रदेश खेलकुद परिषद लगायतको सहयोग थियो ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।
– पल क्लिथेरोई

## सम्पादकीय

# बाढीको वितण्डा

अविरल वर्षापछि आएको बाढीपहिरो तथा डुबानका कारण देशभर २३ सडकका ६३ स्थानमा यातायात पूर्ण रूपमा अवरुद्ध भएको छ। सडक विभागले शनिबार दिउँसो १२ बजेसम्म सङ्कलन गरेको प्रारम्भिक विवरणअनुसार बाढीपहिरोका कारण हिमाली तथा पहाडी क्षेत्रका अधिकांश सडकखण्डमा यातायात आवागमन प्रभावित भएका छन् । प्रारम्भिक विवरणअनुसार २३ बाटोका ६३ स्थानमा अवरुद्ध भएका छन् भने काठमाडौँ उपत्यका प्रवेश गर्ने सबै नाका बन्द भएका विभागको सम्भार महाशाखा प्रमुख अर्जुन अर्यालले जानकारी दिएका छन ।

पाँचथरबाट ताप्लेजुङ जाने बाटोतर्फ हेवाखोलामा गत वर्ष राखिएको बेलिब्रिज बगाएको छ। अरनिको राजमार्गको लार्चा भन्ने स्थानको बेलिब्रिज र बिपी राजमार्गको खुर्कोटबाट मन्थलीतर्फ जाने बाटोको पुल बगाएको छ ।" कुलेखानी जलविद्युत् आयोजनाको जलाशय खोलिएकाले कान्ति लोकपथमा बागमती पुल उच्च जोखिममा परेको अर्यालल । बिपी राजमार्गमा नेपालथोक भन्दा केही अगाडि रोशी खोलामा आएको बाढीले एक सय मिटर जति बाटो बगाएको छ ।

अहिले काठमाडौँ उपत्यका छिर्ने सबै बाटो बन्द अवस्थामा रहेको छ। धेरै नदीमा पानीको सतह निरन्तर बढिरहेकाले अधिकांश पुल जोखिमको अवस्थामा रहेका छन । सडक विभागका अनुसार त्रिभुवन राजपथ पूर्ण अवरुद्ध छ। सिर्सिया-पथलैया-हेटौँडा-भैँसे-पालुङ-नौबिसे-काठमाडौँ खण्डमा पनि पहिरोका कारण राजमार्ग बन्द भएको हो। त्यस्तै, पृथ्वी राजमार्गअन्तर्गतको नौबिसे-मुग्लिन-पोखरा राजमार्ग अवरुद्ध छ। धादिङको कमेरे भन्ने स्थानमा पहिरो गएपछि उक्त सडक अवरुद्ध भएको छ। अरनिको राजमार्गअन्तर्गत काठमाडौँ-धुलीखेल-दोलालघाट-खाडीचौर-कोदारी राजमार्ग पनि अवरुद्ध भएको छ। उक्त राजमार्गअन्तर्गत सिन्धुपाल्चोकको लार्चा पुल बगाएपछि यातायात सञ्जाल पूर्ण विच्छेद भएको विभागको सम्भार महाशाखा प्रमुख अर्यालले जानकारी दिएका छन ।

राप्ती राजमार्गअन्तर्गत अमेलिया-शीतलपाटी-थारमारे मुसिकोट खण्डअन्तर्गत सल्यानको राम्री भन्ने स्थानमा पहिरो जाँदा सडक अवरुद्ध भएको छ । सिद्धार्थ राजमार्गअन्तर्गतको बेलहिया-भैरहवा-बुटवल-वर्तुङ-राम्दी-स्याङ्जा-पोखरा सडक अवरुद्ध छ । पुष्पलाल (मध्यपछाडि राजमार्ग) अन्तर्गत ओखलढुङ्गाको भडारे क्षेत्रमा पहिरो जाँदा सवारी साधन सञ्चालनमा अवरोध सिर्जना भएको छ भने भेडेटार-रबी-राँके सडकअन्तर्गत पाँचथर जिल्लामा सडक अवरुद्ध छ । भेरी कोरिडोरअन्तर्गत छिन्चु-कुदु-जाजरकोट-दुनै-तिन्जे-मरिम सडकखण्डमा पश्चिम रुकुमको त्रिवेणी भन्ने स्थानमा सडकमा पहिरो खसेको छ। सहिद मार्गअन्तर्गत कोइलाबास-लमही-अर्जुनखोला-घोराही-घर्तिगाउँ-थवाङ-लुकुम खण्ड, रोल्पाको घर्तीगाउँ र दुई खोली खण्डको गरगरे भन्ने ठाउँमा पहिरो गएको छ। यो राजमार्गमा रोल्पाको होलेरी र दारबोट खण्डमा पनि अवरोध सिर्जना भएको छ। अर्घाखाँचीको लौलिहवा-गोरुसिङ्गे-सन्धिखर्क सडकअन्तर्गत नरपानी-खुम्ती-सन्धिखर्कमा पहिरो गएको सडक विभागले जनाएको छ।

त्यसैगरी, पुष्पलाल राजमार्गअन्तर्गत खोटाङको खोक्सेली तथा चिसापानी, सिन्धुलीको रिठ्ठाबोट, फिक्कल, ट्याँउ खोला र कुखुरेटार, हर्जेनी, बलेनी, सालघारीलगायत क्षेत्रमा बाढी र डुबानको समस्या देखिएको छ। तमोर कोरिडोर। डुम्रे-बैंसीसहर-चामे सडकअन्तर्गत मनाङको ताल डाँडा क्षेत्रमा पनि यातायात सञ्चालनमा समस्या भएको छ । कान्ती राजपथअन्तर्गत हेटौँडा-बागमती-टिकाभैरव-भैँसेपाटी-एकान्तकुना सडकखण्ड पनि अवरुद्ध छ। यो राजमार्गको आँपचौर भन्ने स्थानमा बाढी र पहिरोका कारण सडक अवरुद्ध भएको छ।

बाढी, पहिरोलगायत विपत्को समयमा गृह मन्त्रालयको सबैभन्दा बढी भूमिका हुने हुँदा उद्धार वा अन्य सहयोगमा कुनै पनि कमी आउन नदिन सक्रियताका साथ काम गर्न बैठकबाट गृह मन्त्रालयलाई निर्देशन दिएको छ। खानेपानी, विद्युत्, सञ्चार, सडकलगायत अत्यावश्यक सेवा यथाशीघ्र पुनः सञ्चालनमा ल्याउन सबै मन्त्रालयलाई निर्देशन दिनुका साथै विपत्का समयमा आ-आफ्ना जिम्मेवारी पूरा गर्न सम्पूर्ण मन्त्रालय र सरोकारवाला सबै निकायको ध्यानाकर्षण गराएको छासबैले यस्तो बेला सरकार र सुरक्षाकर्मीको आलोचना गर्नु भन्दा सहयोग गर्नु मानवीय कर्तव्य हुनेछ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : शुभ यात्रा | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : मानसिक तनाब |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# भीरकोटमा तीन करोडको बहुउद्देश्यीय भवन बन्दै

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १२ भदौं

स्याङ्जाको भीरकोट नगरपालिका-१ बयरघारीमा बहुउद्देश्यीय सामुदायिक भवन निर्माण हुने भएको छ। क्षेत्री समाज नेपाल केन्द्रीय समिति र भीरकोट नगर कार्यसमितिका संयुक्त साझेदारीमा तीन तले भवन बन्न लागेको क्षेत्री समाज भीरकोटका अध्यक्ष मीनबहादुर केसीले जानकारी दिनुभयो।

उहाँका अनुसार सात हजार एक सय ६५ वर्गफिट क्षेत्रफलमा फैलने भवन रु तीन करोडको लागतमा निर्माण हुनेछ । "भवन क्षेत्री समाजले निर्माण गरे पनि सबै जातजातिले प्रयोग गर्न पाउँछन्", उहाँले भन्नुभयो, "भवन निर्माणमा लाग्ने सबै खर्च शुभेच्छुकहरूसँग सङ्कलन गरिने छ ।" क्षेत्री समाज भीरकोटका सचिव लेखबहादुर केसीले भवन निर्माणका लागि नगरपालिकाले रु १० लाख विनियोजन गरेको र शुभेच्छुकबाट हालसम्म रु१२ लाख सहयोग जुटेको बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले बहुउद्देश्यीय भवनको शिलान्यास भएको छ। अबको दुई वर्षभित्र आर्थिक सहयोग जुटाएर भवन निर्माणको काम सम्पन्न हुनेछ।"

सामुदायिक भवनमा सात सय अट्ने सभा हल, कार्यालय भवन, व्यापारिक सटर रहने छन् । भवनको भीरकोट नगरपालिकाका प्रमुख गोविन्द कुमार कर्माचार्य र समाजका अध्यक्ष केसीले संयुक्त रूपमा शिलान्यास गर्नुभएको थियो।

भवन निर्माण सम्पन्नपछि सर्वसाधारण, सङ्घसंस्थालाई विभिन्न कार्यक्रम गर्न र व्यापार गर्न सहज हुने अपेक्षा राखिइएको छ।

# पर्वतमा पाँच दिनदेखि आमाछोरी बेपत्ता

**पोखरापत्र संवाददाता**
पर्वत, १२ भदौं

फलेवास नगरपालिका-१ कार्कीनेटाका आमाछोरी पाँच दिनदेखि सम्पर्कविहीन भएका छन्। घर पोत्ने रातो माटो खन्न गत मङ्गलबार साँझ घरबाट निस्किएका ३२ वर्षीया गङ्गा पौडेल र आठ वर्षीया दिपीका पौडेल बेपत्ता भएका हुन्।

स्थानीय कार्कीनेटा बजारमा गङ्गा बिजुली पसल सञ्चालन गर्दै आएका श्रीमान् दीपक शर्मा विद्युत् मर्मत गर्न गाउँतर्फ गएका बेला उनीहरु घर पोत्ने माटो खन्न भिर मुनि भन्ने ठाउँमा गएका थिए । अबेरसम्म घर नफर्किएपछि आफन्त, इष्टमित्र मिलेर खोजी गरिएको थियो। पाँचदिनदेखि बेपत्ता उनीहरु हालसम्म फेला नपरेका गङ्गाका श्रीमान् शर्माले बताउनुभयो। बेपत्ता आमाछोरीको खोजी गर्न प्रहरीमा उजुरी दिनुका साथै सबै संयन्त्र प्रयोग गरिएको उहाँले उल्लेख गर्नुभयो । जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक रामप्रसाद सापकोटाले बेपत्ता आमाछोरीको हुलियासहित खोजी कार्य भइरहेको बताउनुभयो। प्रहरीका सबै संयन्त्र परिचालन गरी खोजी भइरहेको छ।

# असोज २५ मा बाँझापाटनमा कालरात्री फेस्टिभल

**पोखरापत्र संवाददाता**
पोखरा, १२ भदौं

पोखरा १३, बाँझापाटनमा रहेको श्री सत्य युवा सेवा समितिले आउँदो असोज २५ गते १९ औं संस्करणको 'कालरात्री म्युजिकल फेस्टिभल-२०८१' आयोजना गर्ने भएको छ।

श्री सत्य युवा सेवा समितिका अध्यक्ष हितमान गुरुङ अनुसार कालरात्री म्युजिक फेस्टिभलमा पूर्ण राई एण्ड दाजुभाइहरु,दी ड्रिमेज ब्याण्ड, नेपाल आइडलको अन्तिम ५ मा पुगेका मानव परियार, रोहनजंग कार्कीलगायतको प्रस्तुति रहने छ। सो कार्यक्रमको संचालन चाहिँ आयुष श्रेष्ठले गर्नेछन् । गीत-संगीतमार्फत् मनोरञ्जन प्रदान गर्नुका साथै युवाहरुलाई रचनात्मक कार्यमा लगाउने उद्देश्यले कालरात्री म्युजिक फेस्टिभल आयोजना गरिएको अध्यक्ष गुरुङको भनाइ छ । 'कालरात्री म्युजिक फेस्टिभल परम्पराको निरन्तता पनि हो, युवाहरुलाई एकै ठाउँमा भेला गराउने अवसर पनि हो,'अध्यक्ष गुरुङले भने,' बाँझापाटनमै हुने कार्यक्रमको अनलाइन टिकट बुकिङ सुरु भइसकेको छ । टिकट दर ५ सय र १ हजार कायम गरिएको छ। फेस्टिभल आयोजना गर्न हामीलाई विभिन्न व्यापारिक प्रतिष्ठान एवं संघ/संस्थाको सहयोग रहेको छ। सबैजसो तयारी पनि तीव्र गतिमा अगाडि बढिरहेको छ।

# नेपाल बहराइनसँग पराजित

**रासस**
काठमाडौं, १२ असोज

एफसी यु-२० एसियन कप छनोटअन्तर्गतको समूह चरणको खेलमा नेपाल बहराइनसँग पराजित भएको छ।

चाइनिज ताइपेस्थित न्यु ताइपे सिटीमा आज भएको छनोट प्रतियोगिताअन्तर्गत समूह 'बी' को आफ्नो अन्तिम खेलमा नेपाल बहराइनसँग ०-४ गोलअन्तरले पराजित भएको हो । यस हारसँगै अर्को वर्ष चीनमा आयोजना हुने एएफसी यु-२० एसियन कपमा छनोट हुने नेपालको सपना समाप्त भएको छ। नेपालले चार खेलमा तीन अङ्क मात्र जोडेको छ। पहिलो खेलमा कम्बोडियासँग ४-१ गोलअन्तरले पराजित भएको नेपालले दोस्रो खेलमा चाइनिज ताइपेइलाई ३-१ गोलअन्तरले पराजित गरेको थियो । त्यसैगरी तेस्रो खेलमा उज्बेकिस्तानसँग नेपाल ६-० गोलअन्तरले पराजित भएको थियो । यस जितसगै बहराइनको अघिल्लो चरण प्रवेशको सम्भावनामा भने बाँकी नै छ । बहराइनले अब तालिकाको शीर्ष स्थानमा रहेको उज्वेकिस्तानको सामना गर्नेछ । बहराइनले आज खेलको पहिलो हाफमा दुई गोल गर्‍यो भने खेलको दास्रो हाफमा पनि दुई गोल थप्यो। समूह 'बी'मा नेपालसहित उज्बेकिस्तान, बहराइन, चाइनिज ताइपेइ र कम्बोडिया छन् ।

सन् २०२५ मा हुने एएफसी यु-२० एसियन कप छनोटमा कुल ४५ राष्ट्रको सहभागिता छ। जसलाई विभिन्न १० समूहमा विभाजन गरिएको छ । प्रत्येक समुहको विजेता र उत्कृष्ट पाँच उपविजेता यु-२० टोली एसियन कपमा छनोट हुनेछन् ।

# लोमान्थाङमा पर्यटक सूचना केन्द्र सञ्चालन

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ असोज



मुस्ताङको लोमान्थाङमा पर्यटक सूचना केन्द्र सञ्चालन भएको छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) लोमान्थाङको कार्यालय भवनमा केन्द्र स्थापना भएको हो।

लोमान्थाङ भित्र्ने पर्यटकहरूलाई ऐतिहासिक, धार्मिक, पर्यटकीयस्थल, संस्कृति, जैविक विविधता, वन्यजन्तु, पक्षी, भौगोलिक विविधतालगायतका विषयमा जानकारी गराउने उद्देश्यले केन्द्र सञ्चालन गरेको एक्याप लोमान्थाङका रेञ्जर मदन पौडेलले बताउनुभयो। "ऐतिहासिक बस्ती लोमान्थाङमा आउने पर्यटकलाई यहाँको विविध पक्षका बारेमा जानकारी लिन सहज होस् भन्ने उद्देश्यले सूचना केन्द्र सञ्चालन गरिएको हो," उहाँले भन्नुभयो, "केन्द्रबाट पर्यटकहरूलाई गन्तव्य, आवास सुविधाको विषयमा पनि परामर्श र सूचना उपलब्ध गराउँछौं ।" एक्यापका कर्मचारी रहने केन्द्रमा लोमान्थाङ र आसपासका ठाउँको भौगोलिक नक्सा, ऐतिहासिक, धार्मिक, पर्यटकीयस्थल, गुफा, गुम्बा, कला, संस्कृति झल्कने तस्बिर, त्यसको महत्त्व, अवस्थिति, पुग्न लाग्ने समय र खानबस्नको सुविधालगायत विषयमा जानकारीमूलक बोर्ड राखिएको छ । कर्मचारीले पर्यटकलाई पदमार्गसम्बन्धी अन्योलमा परामर्श दिने, मद्दत, सहजीकरण तथा समन्वय गर्नेछन् । माटोको पर्खालभित्र रहेको ऐतिहासिक बस्ती, दरबार र गुम्बा, सांस्कृतिक राजा, मुखिया परम्परा, तिब्बती संस्कृतिसँग मिल्दोजुल्दो संस्कार र जीवनशैली लोमान्थाङको आकर्षण हो। माटोको पर्खालभित्र करिब २०० घरधुरी रहेको यहाँको बस्ती करिब छसय वर्ष पुरानो भएको वडाअध्यक्ष ढुढुके बिष्टले बताउनुभयो । मुस्ताङी राजा आमे पालले इस १४४० मा निर्माण गरेको पाँचतले लोमान्थाङ दरबार माटोको पर्खालभित्रै छ । लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकामा सांस्कृतिक राजा अस्तित्वमा छन् । १५औं शताब्दीमा निर्माण भएको थुप्तेन, छ्योदेन र झयाम्पाल गुम्बा पनि लोमान्थाङको ऐतिहासिक र धार्मिक सम्पदा हुन् । काठ, ढुङ्गा, माटोले बनेका गुम्बाभित्र कलात्मक थाङ्का र मूर्तिहरू छन्। विसं २०८१ को वैशाखदेखि भदौसम्म दुई हजार ११ जना विदेशी पर्यटकले लोमान्थाङ समेटिएको उपल्लो मुस्ताङको भ्रमण गरेका (एक्याप) लोमान्थाङको तथ्याङ्क छ। सन् २०२३ मा ७० देशका तीन हजार चार सय ८४ जना विदेशी नागरिक उपल्लो मुस्ताङ घुमेका थिए।

सन् २०२२ मा तीन हजार ११२, सन् २०२१ मा ३३२, सन् २०२० मा ६२ र सन् २०१९ मा तीन हजार ९१८ जना विदेशी उपल्लो मुस्ताङ पुगेका थिए । सन् २०१७ मा हालसम्मकै बढी चार हजार ११५ जना विदेशी नागरिकले उपल्लो मुस्ताङको भ्रमण गरेका थिए। सरकारले सन् १९९२ देखि उपल्लो मुस्ताङलाई विदेशी नागरिकलाई अनुमति र शुल्क तिरेर निश्चित समयसम्म घुम्न पाउने व्यवस्था मिलाएको थियो । लोमान्थाङ, लोघेकर दामोदरकुण्डको सबै र वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ को साबिक छुसाङ गाविस र वडा नं ५ को साङ्तालाई सरकारले निषेधित क्षेत्र तोकेको छ। उपल्लो मुस्ताङ भ्रमण गर्न नेपाली बाहेकले अध्यागमन विभागलाई पाँच सय अमेरिकी डलर शुल्क तिरेर १० दिनका लागि विशेष किसिमको अनुमति लिनुपर्ने नियम छ। दस दिनभन्दा बढी भ्रमण गर्न प्रतिदिन ५० डलरका दरले शुल्क तिर्नुपर्ने नियम छ।

# एग्रो टुरिजम सहकारी संस्थाको तेस्रो वार्षिक साधारणसभा

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असोज

पोखराको एग्रो टुरिजम सहकारी संस्थाले कोसेली घर तथा नमुना सहकारी ग्राम खोल्ने भएको छ । ग्रामीण भेगका कृषिजन्य उत्पादनको बजारीकरणमा सहज बनाउन तथा आयआर्जनमा वृद्धि गर्न सहकारीले तेस्रो वार्षिक साधारणसभामा यस्तो प्रस्ताव गरेको हो।

शनिबार साधारणसभामा संस्था अध्यक्ष डिल्लीराम बरालले कृषि पर्यटनमा टेवा पुग्ने गरी पोखरामा छिट्टै कोसेली घर निर्माण गरिने बताए। उनका अनुसार तत्काल १५ लाख अतिरिक्त शेयरलाई बिउपुँजीको रुपमा प्रयोग गरिनेछ । जसमा वडा कार्यालय, पोखरा महानगर, कृषि ज्ञान केन्द्र, पर्यटनसम्बद्ध संघसंस्था लगायतको समन्वयमा निर्माण गरिने कोसेलीघरमा पोखरा घुम्न आउने पर्यटक तथा सहकारी भ्रमणमा आउनेका लागि एक गन्तव्य बन्ने अपेक्षा गरे। आजको सहकारी, उत्पादनमा साझेदारी नाराका साथ सहकारीले ठूलो परिणाममा कृषि उत्पादन गर्ने, बजारीकरण र भण्डारीकरणमा सघाउने लक्ष्य लिएको अध्यक्ष बरालले बताए। उनले संस्थाको गत आवको आयव्यय पनि सार्वजनिक गर्दै ६ करोड ४२ लाख बराबरको कारोबार गरेको बताए। पोखरा महानगरका ३३ वटै वडामा कार्यक्षेत्र रहेको सहकारीमा हाल ३६२ शेयर सदस्य छन् । प्रमुख अतिथि पोखरा ३३ का वडाध्यक्ष रामचन्द्र अधिकारी, कृषि ज्ञान केन्द्र कास्कीका प्रमुख किरण सिग्देल, पोखरा महानगरपालिका आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरिया, जिल्ला सहकारी संघ कास्कीका वरिष्ठ उपाध्यक्ष छविलाल लामिछाने, अग्रसर सहकारीका अध्यक्ष रजनी कोइराला लगायतले बोलेका थिए।

साधारणसभाका अवसरमा सहकारीले विभिन्न विधा तथा शीर्षकमा विभिन्न व्यक्तिलाई सम्मान गरेको छ । एग्रो टुरिजम संचारकर्मी सम्मानबाट पत्रकार विजय नेपाल सम्मानित भए । आदर्श समाज दैनिकका कार्यकारी सम्पादक एवं राजधानी दैनिकका संवाददाता नेपाललाई नगद, दोसल्ला, मायाको चिनो र सम्मानपत्रसहित सम्मान गरिएको हो। यसअघि उक्त सम्मान राष्ट्रि समाचार समिति(रासस) गण्डकी प्रदेशका प्रमुख वासुदेव पौडेललाई प्रदान गरिएको थियो। कार्यक्रममा उत्कृष्ट मुद्दति बचतकर्ता मनुमाया खत्री, दैनिकी बचतकर्ता लक्ष्मी पोखरेल, शिवप्रसाद पौडेल, सुरेश अधिकारी, खुत्रुके बचतकर्ता विनिशा शर्मा, निर्भान विक्रम त्रिपाठी, असल ऋणी विष्णु आचार्य, विष्णुप्रसाद आचार्य, कृषि उद्यमी व्यवसायबाट कल्पना लामिछाने, उत्कृष्ट कर्मचारी सम्मान कावा व्यवस्थापक आस्था नेपालीले पाइन्।

ज्येष्ठ नागरिकतर्फ जशोदा बस्नेत र योगराज पौडेल तथा एसइईमा ४ जिपिए ल्याउने आयुष पराजुली सम्मानित भए । यस्तै एसइई उत्तीर्ण हुने अंकित आचार्य, सुशान बिक, सरगम गिरी, शुभेक्षा आचार्य, प्लस टु उत्तीर्ण संगम पौडेल, स्पृहा गिरी, प्रकृति नेपाली, स्नातकतर्फ सन्कृपा सिग्देल, अशीष भण्डारी, सहनशील पौडेल सम्मानित भए । सो अवसरमा कृषि ज्ञान केन्द्रका सिग्देल र पोखरा महानगरका कडरियाले शेयर सदस्यलाई प्रशिक्षण दिएका थिए । सहकारीका ७ सिद्धान्त वाचन सञ्चालक समिति सदस्य निरा पोखरेल आचार्य, स्वागत उपाध्यक्ष टीकाराम पौडेल र संचालन सचिव बाबुराम सुवेदीले गरेका थिए। कार्यक्रममा विभिन्न नृत्यसमेत प्रस्तुत गरिएको थियो।

# उत्तरी गोरखाको साम्दोमा हिमपात

**पोखरापत्र संवाददाता**
गोरखा, १२ असोज

उत्तरी गोरखामा भारी हिमपात परेको छ । जिल्लाको चुमनुब्री गाउँपालिका-१, स्थित साम्दोमा यो वर्षको पहिलो पटक असोजको दोस्रो साता नबित्दै हिमपात भएको चुमनुब्री गाउँपालिकाका अध्यक्ष निमा लामाले जानकारी दिनुभयो।

साम्दोगाउँ समुन्द्री सतहदेखि झन्डै तीन हजार ८७७ मिटरको उचाइमा पर्दछ। "शुक्रबार साँझदेखि साम्दो र आसपासका क्षेत्रमा परेको हिमपात करिब डेढ फिटसम्म जमेको छ," उहाँले भन्नुभयो, "हिमपात परेपछि अहिले यस क्षेत्रमा चिसो एक्कासि बढेको छ ।" हिमपातका कारण त्यस क्षेत्रमा जनजीवन समेत प्रभावित बनेको छ । स्थानीयवासी घरबाहिर निस्कन कठिनाइ भएको छभने लार्केपास पदमार्गमा पुगेका पर्यटकलाई आवाजजावतमा पनि समस्या भएको सशस्त्र प्रहरी बोर्डर आउटपोस्ट (बिओपी) साम्दोका प्रमुख प्रहरी निरीक्षक विश्व त्रिपाठीले बताउनुभयो । लार्केपास पदमार्गमा पूरै हिउँले ढाकेको छ। पर्यटकहरू अहिले होटलहरूमा आश्रय लिएर बसेको स्थानीयवासीले बताएका छन्।

# माथिल्लो मनाङमा हिमपात

पोखरापत्र संवाददाता
मनाङ, ११ असोज



देशभरि मनसुन सक्रिय भएसँगै हिमाली जिल्ला मनाङमा हिमपात भएको छ । माथिल्लो मनाङका टङ्की, खाङ्सार, तिलिचो बेसक्याम्प, थोराङ्ला भञ्ज्याङ, नार, फुलगायत क्षेत्रमा हिमपात भएको हो ।

हिमपातले माथिल्लो मनाङमा पर्यटक तथा स्थानीयको जनजीवन प्रभावित बनेका प्रमुख जिल्ला अधिकारी मातृका आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार ङिस्याङ गाउँपालिकाको हुम्डेबाट माथिल्लो क्षेत्र र नार्पाभूमि गाउँपालिकामा हिमपात भएको छ। हिमपात भएपछि पदयात्री, पर्यटक, स्थानीयलाई सडक तथा सवार ासाधनको अवस्था विश्लेषण गरेर मात्र यात्रा तय गर्न सूचित गरिएको प्रजिअ आचार्यले बताउनुभयो । उहाँले भन्नुभयो, "हिमापत हुन सुरु भएको भएको छ, हालसम्म अधिक हिमपात भने भएको छैन । यहाँ रहेका पर्यटक रमाइरहेका छन्, तर यात्रा नगर्न आग्रह गरिएको छ ।" बिहीबार साँझदेखि लगातार वर्षा हुँदा शुक्रबार रातिदेखि हिमपात भइरहेको हो । नार र फू गाउँका साथै मेता र गाउँपालिका केन्द्र च्याखुमा पनि हिमपात भइरहेको नार्पाभूमि गाउँपालिकाका सूचना अधिकारी महेश पाख्रिनले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "नारमा डेढ फिट र फूमा छ इन्च हिउँ जमेको छ ।" किसानले यतिबेला करु काटेर खेत र छतमा सुकाएका थिए। हिउँ छिट्टै पर्दा आलुबालीलाई पनि हिउँले पुरेको छ। यसले किसानमा चिन्ता थपिएको छ । "काङ्ला पास गर्ने पर्यटक नारमा रोकिएका छन्, हिमलुङ हिमाल चढ्न जाने पर्यटक भने हिँडेको गएका छन्, यो हिउँ पर्ने समय नभए पनि हिमपात सुरु भएसँगै चिसो बढेको छ", पाख्रिनले भन्नुभयो । जिल्लास्थित पर्यटन व्यावसायी समितिका अध्यक्ष विनोद गुरुङले मनाङ गाउँमाथि हिउँ परिरहेकाले जनजीवन प्रभावित बनेको बताउनुभयो। हिउँले पर्यटक आवागमनलाई खासै फरक नपरे पनि किसानलाई बाली स्याहार्न समस्यामा पारेको उहाँले उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "समय अघि हिउँ परेपछि किसानलाई गहुँ, फापरलगायत अन्नबाली थन्क्याउन सास्ती भएको हो ।" माथिल्लो क्षेत्र तिलिचो र थोराङ्ला क्षेत्रमा हिउँ परिरहेको भन्दै अचानक हिमपात हुँदा पर्यटक भने हिउँमा रमाइरहेका बताउनुभयो।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका संरक्षण कार्यालयका प्रमुख ढकबहादुर भुजेलले पर्यटकीय सिजन सुरु भएको बेला हिमपात हुँदा पर्यटक थप उत्साहित भएका भएको बताउनुभयो। देशभर मौसम बदली रहेकाले मौसममा सुधार नभएसम्म सुरक्षित स्थानमा रोकिन पर्यटकलाई आग्रह गरिएको उहाँले बताउनुभयो।

# सामुदायिक प्रहरी सेवा जिल्ला समन्वयद्वारा एसपी थापाको विदाई

पोखरापत्र संवाददाता
पोखरा, १२ असोज

सामुदायिक सेवा एमव् सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय कास्कीले जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक मोहन कुमार थापालाई विदाई गरेको छ । जिल्ला समन्वय कास्कीले शनिबार एक कार्यक्रमको अयोजना गरी कास्कीबाट प्रहरी प्रधान कार्यलय जान लाग्नु भएका प्रहरी उपरीक्षक थापालाई शुभकामना सहित विदाई गरेको हो । कार्यक्रममा जिल्ला समन्वय सहित सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा पृथ्वीचोक, बैदाम, बगर, माटेपानी, लेखनाथ, कालिका र हेमजाका अध्यक्षले सयुक्त रुपमा मायाको चिनो माला लगाई प्रहरी उपरीक्षक थापालाई विदाई गरिएको थियो । कार्यक्रममा बोल्दै प्रहरी उपरीक्षक थापाले सामुदायिक सेवा केन्द्रलाई वैधानिक बनाउनका लागि आफ्नो तर्फ बाट पहल गर्ने बताउनुभयो। 'अहिले सामुदायिक सेवाले जिल्ला प्रशाशनबाट दर्ता भएर काम गरिरहेका छन् त्यो प्रयाप्त भएको छैन' उहाँले भन्नुभयो, ' नेपाल प्रहरी सँगै जोडिएर काम गर्ने भएकोले अब प्रहरी ऐन आउँदै छ यसमा नै सामुदायिकलाई समेटेर लैजान सकेमा अझै वैधानकिताका साथ काम गर्न सजिलो हुने छ।' उहाँले आफु अब प्रहरी प्रधान कार्यालयमा जान लागेकोले पनि केन्द्रीय प्रहरी ऐनमा सामुदायिकलाई समेट्नको लागि पहल गर्ने वचन दिनुभयो। 'म प्रहरी प्रधान कार्यलयको मानवअधिकार शाखामा रहने छु, जहाँ आईजिपि सापको सचिवालयमा नै रहने छु' उहाँले भन्नुभयो, 'म केन्द्रबाट पहल गर्नेछु तपाईहरुले पनि आ-आफ्नो ठाँउबाट पहल गर्नुहोस सम्भव अवश्य हुने छ।' कास्कीमा रहेका सामुदायिक सेवाका गतिविधिले नै कास्की बसाई सफल भएको महशुस गरेको उहाँको भनाई थियो । उहाँले यहाँहरुको सहयोगले नै कास्कीका ठूला ठूला घटनामा कास्की प्रहरीले सफलता हात पारेको बताउँदै यहाँहको माया साथमै लिएर जाने उल्लेख गर्नुभयो । राज्यले गर्नु पर्ने काम स्वमसेवी रुपमा संस्थाको तर्फबाट गरेका कार्यक्रम नेपाल प्रहरीलाई ठूलो सहयोग मिलेको उहाँको भनाई थियो । सामुदायिक सेवा एवम् सामुदायिक प्रहरी सेवा जिल्ला समन्वयमा संस्थापक अध्यक्ष सल्लाहाकार मंगल नेपालीलले कास्कीमा रहेका सामुदायिक हरेक गतिविधिमा सक्रियता रहेको बताउँदै प्रहरी उपरीक्षक मोहन कुमार थापले सामुदायिकलाई अझै व्यवस्थित गर्ने काम गर्नु भएको उल्लेख गर्नुभयो । सामुदायिक सेवा एवम् सामुदायिक प्रहरी सेवा जिल्ला समन्वयका अध्यक्ष भिम पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा वरिष्ठ उपाध्यक्ष ज्ञानेन्द्र वजगाईले स्वागत र महासचिव घनश्याम तिमिल्सिनाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# नयाँगाउँमा हुने 'एमेच्युअर फुटबल'को तयारी तिब्र

पोखरापत्र संवाददाता
पोखरा, १२ असोज




पोखरा महानगरपालिका १५ नयाँगाउँमा हुने विकाश प्रिजेन्टस् सिक्स ए साइड एमेच्युअर फुटबल प्रतियोगिताको तयारी तिब्र पारिएको छ।

पोखरा महानगरपालिका -१५ को वडा कार्यालय नजिक रहेको खेलमैदानमा असोजको १५ गतेदेखि १९ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको तयारी भइरहेको पत्रकार सम्मेलनमार्फत प्रतियोगिताका परिकल्पनाकार विकाश गुरुङले जानकारी दिए। उनका अनुसार नयाँ गाउँ युवा क्लबको विशेष सहयोगमा पाँच दिन चल्ने सो प्रतियोगिताको विजेताले नगद रु ६० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ। यस्तै उपविजेताले रु ३० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र हात पार्नेछ । प्रतियोगितामा विधागततर्फ उत्कृष्ट खेलाडी, उदीयमान खेलाडी, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेण्डर तथा सर्वाधिक गोलकर्तालाई जनही ३ हजार रुपैयाँले पुरस्कृत गरिने उनले बताए । गुरुङका अनुसार १ वटा अनुशासित टिमलाई नगद रु ५ हजार प्रदान गरिनेछ। प्रतियोगितामा 'ए', 'बि' र 'सि' डिभिजन साथै गोल्डकपहरु खेलेका खेलाडीहरु सहभागि हुन नपाउने गुरुङले जानकारी दिए। 'नवदीत खेलाडीलाई स्थान प्रदान गर्ने उद्देश्यसहित प्रतियोगिता आयोजना गर्न लागेको हो । लोकल लेभलमा पनि राम्रा खेलाडीभाइहरु छन्। उनीहरुले स्थान पाएका छैनन्, गुरुङले भने, 'त्यसैले त्यस्ता खेलाडीहरुलाई लक्षित गरेर प्रतियोगिता अर्गनाइज गरिएको हो।' उनले सो कार्यक्रमको उद्घाटनको अवसरमा पोखरा १५ मा क्रियाशिल आमा समूहरुको झाँकीसहितको र्याली प्रतियोगितासमेत आयोजना गरिने जानकारी दिए । 'प्रतियोगितालाई भव्य बनाउका लागि हामीले उद्घाटन गर्नुअघि विभिन्न समूहको झाँकीसहितको र्याली प्रतियोगिता पनि राखेका छौ, उनले भने, 'प्रथम हुने समूहलाई नगद रु ७ हजार र दोस्रो हुने समूहलाई नगद रु ५ हजारसहित प्रमाणपत्र प्रदान गर्नेछौं। यसले स्थानीय स्तरको कला संस्कृतिको जगेर्ना गर्न सघाउ पुग्ने विश्वास लिएका छौं ।' प्रतियोगितामा सहभागिता जनाउनका लागि दर्ता शुल्क रु ५ हजार निर्धारण गरिएको छ भने, असोज १३ गतेसम्म फोनबाटपनि टिम दर्ता गर्न सकिने बताइएको छ। सो प्रतियोगिता सफल बनाउनका लागि संगम टोल विकास संस्था तथा नयाँगाउँ युवा क्लबको पूण साथ रहेको विकास संस्थाका अध्यक्ष अदिप बरालले बताए । उनले युवाहरुको प्रतिभालाई उजागर गर्नका लागि सो प्रतियोगिताले महत्वपूर्ण भूमिका खेल्ने धारणा राखे। यस्तै उपविजेता पुरस्कार राशी सौजन्य गरेको फ्याङ्कलिन एजुकेशन एकेडेमीका प्रबन्धक निर्देशक कमल खड्काले प्रतियोगिताले फुटबलको विकासमा टेवा पुर्याउने बताए । उनले आगामी दिनमा पनि सो प्रतियोगितालाई निरन्तरता दिनुपर्ने सुझाव दिदैं आफ्नोतर्फबाट सदैब सहयोग गर्न तयार रहेको बताएका थिए । उक्त प्रतियोगिताको मिडिाया पार्टनरका रुपमा सुनगाभा न्यूज रहेको छ भने, प्रतियोगिताका सबै खेलहरु लामाचौर फुटसल र गोर्खाज् प्लेको फेसबुक पेजबाट प्रत्यक्ष प्रशारण गरिने आयोजकले जनाएको छ।

# त्रिशूली नदीले एक्साभेटर र टिप्पर बगायो

पोखरापत्र संवाददाता
गोरखा, १२ असोज

त्रिशूली नदीमा आएको बाढीले गोरखाको गण्डकी गाउँपालिका-१, बुट्टार र चितवनको इच्छाकामना गाउँपालिका-३, चुमखोलाको सिमानामा निर्माणाधीन सुपर त्रिशूली जलविद्युत् आयोजनाको एक्साभेटर र टिप्पर बगाएको छ।

केही दिनदेखि परेको अविरल वर्षाका कारण नदीमा आएको भीषण बाढीले शुक्रबार राति करिब १०:१० बजे आयोजनाको तीनवटा टिप्पर र दुईवटा एक्साभेटर बगाएको सशस्त्र प्रहरी बलका केन्द्रीय सह-प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक शैलेन्द्र थापाले जानकारी दिनुभयो।

बाढीले नदीको बीच भागमा रहेको मेसिन तथा टिप्पर बगाएको आयोजनाका कर्मचारी सङ्गम मग्रातीले जानकारी दिनुभयो । "साँझतिर एउटा एक्साभेटर र एउटा टिप्पर बगाएको थियो," उहाँले भन्नुभयो, "सोही ठाउँमा रहेका थप एउटा एक्साभेटर र दुईवटा टिप्पर पनि राति करिब १० बजे त्रिशूली नदीमा आएको बाढीले बगाएको छ।" नदीमा भीषण बाढी आएपछि दिउँसोदेखि नै आयोजनाको तीनवटा टिप्पर, दईवटा एक्साभेटर नदीको बीचमा फसेको थियो।

नदीको मध्यभागमा फसेको मेसिन निकाल्ने प्रयास गरिएको भए पनि नसकिएको उहाँको भनाइ छ। ब्लू इनर्जी कम्पनीले बुट्टारमा १०० मेगावाट क्षमताको सुपर त्रिशूली जलविद्युत् आयोजना निर्माण गरिरहेको छ।

सोही आयोजना निर्माणमा प्रयोग भएका टिप्पर र एक्साभेटर नदीले बगाएको छ।

# जी-७७ र चीनलाई परराष्ट्रमन्त्री डा राणाको आग्रह

रासस
काठमाडौं, १२ असोज

परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले विश्वका अतिकम विकसित एवं भूपरिवेष्टित देशहरू पछिल्ला वर्षहरूमा आर्थिक तथा अन्य समस्यामा परेका र ती देशहरूले ' विकासको 'एजेन्डा' २०३०' समेत पूरा गर्न सक्ने अवस्था नरहेकाले आवश्यक सहयोगका लागि जी-७७ समूहमा आबद्ध देशहरू र चीनलाई आग्रह गर्नुभएको छ।

जी-७७ समूह र चीनको वार्षिक बैठकलाई आज न्युयोर्कमा अतिकम विकसित राष्ट्रहरूको सङ्गठन एलडिसीको अध्यक्षका हैसियतले शुक्रबार सम्बोधन गर्दै उहाँले यी देशहरूले पछिल्लो समयमा महामारी, जलवायु परिवर्तनका कारण उत्पन्न प्राकृतिक विपतजन्य विनाश, आर्थिक सङ्कटलगायत समस्या भेल्नुपरिरहेकाले अतिरिक्त आर्थिक सहायताको आवश्यकतामा जोड दिनुभएको हो । सो बैठकमा उहाँले भन्नुभयो, "आजसम्मको अवस्था हेर्दा एलडिसी र एएलडिसी देशहरूले विकासका एजेन्डा पूरा गर्न गाह्रो छ । विकासका २०३० एजेन्डा पूरा हुन अब छ वर्ष मात्र बाँकी छ तर पनि विश्वका अतिकम विकसित देश र भूपरिवेष्टित देशहरूमा करिब १७ प्रतिशत मात्र दिगो विकासका लक्ष्य पूरा भएको अवस्था छ। यसका लागि विशेष सहयोगको आवश्यकता छ।"

विश्वका द्विपक्षीय र बहुपक्षीय साझेदार तथा दाताहरूबाट अतिरिक्त आर्थिक सहयोग बिना दिगो विकासका लक्ष्यहरू पूरा हुन निकै गाह्रो पर्ने देखिएको उहाँको भनाइ थियो। परराष्ट्रमन्त्री डा राणाले भन्नुभयो, "एलडिसी मुलुकहरूमा समावेशी आर्थिक वृद्धि गर्न, '२०३० एजेन्डा' लाई गति दिन, उनीहरूले भोगिरहेका स्वास्थ्यलगायत समस्याको समाधान गर्न, जलवायु परिवर्तनको असर कम गर्ने कार्यक्रमहरूलाई प्रभावकारी बनाउन तथा ती देशले सामना गरिरहेका बहुआयामिक प्रकृतिका सङ्कटहरूलाई कम गर्न जी(७७ मा आबद्ध राष्ट्रहरू र चीनलाई यो मेरो आग्रह छ।" पछिल्ला वर्षहरूमा यी देशहरूका लगानीमा आइरहेको ह्रास, 'इनोभेटिभ फाइनान्सिङ' को अभाव, वैदेशिक सहायतामा देखिएको ह्रासोन्मुख अवस्थाले गर्दा एलडिसी र एलएलडिसी देशहरू समस्यामा पर्दै गएका पनि उहाँको भनाइ थियो। उहाँले यस्तो समस्यामा नेपाल रहेको जानकारी दिनुभयो। नेपाल आगामी सन् २०२६ मा एलडिसीबाट मध्यमस्तरको राष्ट्रका रूपमा स्तरोन्नति भएपछि हाम्रा द्विपक्षीय एवं बहुपक्षीय साझेदार एवं दाता राष्ट्रहरूबाट अतिरिक्त आर्थिक प्राविधिक सहायताको खाँचो रहने उहाँको भनाइ थियो।

## धितोमा रहेको जग्गा डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको २१ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८१/०६/१३ पोखरापत्र राष्ट्रिय दैनिक**

यस संस्थाको कार्यालय पोखरा- ५ प्रस्याङबाट व्यक्तिगत कर्जा लिनु भएका तपशिलका ऋणी सदस्यले उपभोग कर्जाको साँवा तथा व्याज समेत नतिरी नबुझाई लिखित बमोजिम कर्जा सम्बन्धी शर्त उल्लङ्घन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत तिर्नु पर्ने कर्जाको रकम चुक्ता गर्ने तर्फ कुनै चासो पहल नगर्नु भएकोले तपशिल बमोजिमको ऋणीलाई कर्जा चुक्ता गर्न आउनको लागि पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा २०८१/०३/२१ गते कर्जा चुक्ता गर्ने ३५ (पैतीस) दिने सूचना प्रकाशित गर्दा समेत ऋणीले कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो धितोमा रहेको जग्गा लिलामको २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उल्लेखित २१ दिनभित्र कर्जा चुक्ता नगरेमा संस्थालाई लेखिदिएको धितो चल अचल सम्पत्ति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, प्रचलित सहकारी मापदण्ड तथा संस्थाको विनियम समेतले लिएको अधिकार प्रयोग गरी सूचना प्रकाशित भएको मितिले २२ औं दिन धितो जग्गा लिलाम डाँक बढाबढ गरिने हुँदा इच्छुक व्यक्ति/संस्था तथा सबैमा जानकारीका लागि यो जरुरी सूचना प्रकाशन गरिएको छ। तपसिलमा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा संस्था आफैले सकार गर्दा समेत संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरी लिएमा धितो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुर उपर नभई बाँकी रहेमा ऋणी लगायत कर्जाको व्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पत्तिबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइएको छ।

| ऋणी विवरण | धितो विवरण |
|---|---|
| ऋणीको नामः कलिला मिया<br>स्थायी ठेगानाः पुतलीबजार -३, स्याङ्जा<br>नागरिकता नं.: ४२३०६२/२६४<br>हालको ठेगानाः पोखरा-४, कास्की<br>पतिको नामः सुल्तान मिया<br>ससुराको नामः करिम बकस मिया<br> | धितोको विवरणः कास्की जिल्ला पोखरा महानगरपालिका वड नं.-४, कित्ता नं. १४, क्षेत्रफलः ९०.७२ वर्ग मिटर |

**धितो लिलाम सम्बन्धी शर्तहरु :**

१. संस्थाको तर्फबाट धितो लिलाम बिक्रीको सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र ऋणी वा जमानीबाट सम्पूर्ण कर्जा चुक्ता हुन नसकेमा २२ औं दिनको १:०० बजेदेखि यस संस्थाको कार्यालय पोखरा-५, कास्कीमा लिलाम डाँक बढाबढ सम्बन्धी कार्यक्रम हुनेछ। उक्त दिन बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिन लिलाम बढाबढ हुनेछ।
२. धितो लिलाम डाँक बढाबढमा कम्तीमा ३ (तीन) जना व्यक्ति/संस्थाहरुले भाग लिएको हुनुपर्नेछ।
३. धितो डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तीमा १० (दश) प्रतिशतले हुने नगद रकम धरौटी बापत त्यसै दिन संस्थामा जम्मा गर्नुपर्नेछ।
४. लिलाम सकार गर्न व्यक्ति/संस्थाले लिलाम सदर भएको ७ (सात) दिनभित्र बाँकी रकम बुझाउनुपर्नेछ। बुझाउनुपर्ने बाँकी रकम तोकिएको मितिमा बुझाउन नसकेमा जम्मा भएको धरौटी रकम स्वतः जफत हुनेछ। लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाइने छैन।
५. डाँक बढाबढको सुरुवात अंक चल-अचल सम्पत्तिको न्यूनतम तथा पंचकृत मूल्याङ्कनबाट सुरुवात गरिनेछ।
६. धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ऋणीले संस्थालाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन।
७. लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजस्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजस्व कर, दस्तुर एवं अन्य भैपरी खर्च धितो जग्गा स्विकार गर्ने बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।
८. धितो सम्पत्ति लिलाम बढाबढमा कसैले नसकारेमा संस्था आफैले सकार गर्न सक्नेछ।
९. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्चहरु ऋणी स्वयंको ज्येथाले व्यहोर्नु पर्नेछ। डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार यसै संस्थामा सुरक्षित रहनेछ।
१०. अन्य थप जानकारीका लागि संस्थाको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न अनुरोध गरिन्छ।

**बगैंचा बचत तथा ऋण सहकारी संस्था लि.**
**Bagaincha saving & credit co-operative ltd.**
**पोखरा-५, कास्की, नेपाल**
**फोन नं.: ०६१-४१९१२४, ४१९१८०**